# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत २६ गते, २०८२ साल (सङ्ख्या १०

## भाग ३

### बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### बागमती प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२

**प्रस्तावना:** प्रदेश सरकारबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सञ्चार माध्यममा हुने विज्ञापनको अनुगमन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बागमती प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश विज्ञापन अनुगमन तथा नियमन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होर्डिङ बोर्ड, बेलुन वा कुनै संरचनालगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार-प्रसार वा प्रदर्शन गरिएको वा प्रचार-प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्बिर, सङ्केत, पोष्टर, पर्चा,

प्रकाश, चिन्ह, संरचना, वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सम्झनु पर्छ।

(ङ) "विज्ञापन प्रकाशन" भन्नाले सार्वजनिक जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुस्तक, पत्रपत्रिका, पम्प्लेट वा लिखतलगायतका माध्यमद्वारा सार्वजनिक रुपमा विज्ञापन सामाग्री प्रकाशन गर्ने कार्य सम्झनु पर्छ।

(च) "विज्ञापन प्रसारण" भन्नाले सार्वजनिक जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले तयार गरिएको विज्ञापन सामाग्री सञ्चारमाध्यमबाट प्रसारण गर्ने कार्य सम्झनु पर्छ।

(छ) "विज्ञापन वितरण" भन्नाले विज्ञापन प्रकाशन तथा प्रसारणका लागि सञ्चारमाध्यमहरुलाई विज्ञापन सामाग्री प्रदान गर्ने कार्य सम्झनु पर्छ।

(ज) "बोर्ड" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ बमोजिमको गठित विज्ञापन बोर्ड सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले दफा ३ बमोजिम गठित समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिमको बागमती प्रदेश विज्ञापन अनुगमन तथा नियमन समिति सम्झनु पर्छ।

## परिच्छेद- २

## अनुगमन तथा नियमन समिति सम्बन्धी व्यवस्था

३. **समितिको गठनः** (१) ऐनको दफा २३ बमोजिम विज्ञापन अनुगमन तथा नियमन सम्बन्धी काम गर्नको लागि देहाय बमोजिमको प्रदेश विज्ञापन अनुगमन तथा नियमन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सञ्चार रजिष्ट्रार -सदस्य

(ग) बागमती प्रदेश उद्योग वाणिज्य संघले तोकेको प्रतिनिधि एकजना -सदस्य

(घ) नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले तोकेको प्रतिनिधि एकजना -सदस्य

(ङ) विज्ञापन व्यवसाय सम्बन्धी बागमती प्रदेशस्तरीय समितिले तोकेको प्रतिनिधि एकजना -सदस्य

(च) विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चार माध्यम वा उपभोक्ता हितका क्षेत्रमा कार्यरत संघ/संस्थाको महिला प्रतिनिधि

मध्येबाट बागमती प्रदेश सरकारले तोकेको एकजना -सदस्य

(छ) मन्त्रालयको सञ्चार महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको काम सन्तोषजनक नदेखिएमा, समितिको हित विपरित कुनै काम गरेमा, खराब आचरण भएमा वा फौजदारी अभियोगमा कसुरदार ठहरिएमा मन्त्रालयले कारण खुलाई जुनसुकै बेला निजलाई पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाई पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) समितिका पदाधिकारीलाई बैठक बसेको दिनको नियमानुसार बैठक भत्ता उपलव्ध गराईनेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** ऐनमा तोकिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानूनबमोजिम तोकिएको मापदण्ड र विज्ञापन आचारसंहिता बमोजिम विज्ञापन भए नभएको अनुगमन तथा नियमन गर्ने,

(ख) नेपाल सरकार, स्थानीय तह, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यमहरुसँग समन्वय गर्ने,

(ग) प्रदेशको आवश्यकताअनुसार सार्वजनिक हित सम्बन्धी विज्ञापन निर्माण गरी प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गर्ने,

(घ) विज्ञापन बजारको विकास र विस्तारको कार्य गर्ने,

(ङ) विज्ञापन उत्पादक, निर्माता, वितरक र प्रसारकलाई आवश्यक निर्देशन दिने,

(च) बोर्डमा सूचीकृत सञ्चार माध्यम तथा विज्ञापन एजेन्सीमार्फत् कारोबार भए नभएको अनुगमन गर्ने,

(छ) विज्ञापन सम्बन्धी प्राप्त उजुरी माथि छानबिन गरी गराई आवश्यक कारबाही गर्ने,

(ज) सञ्चारमाध्यमलाई प्रदेश सरकारबाट उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी विज्ञापन समिति मार्फत समानुपातिक रुपमा वितरण गर्ने,

(झ) प्रदेश सरकार र विज्ञापन बोर्डबाट प्राप्त सुझाव तथा निर्देशन पालना गर्ने, गराउने।

५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(५) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(६) समितिले आवश्यक देखेमा सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **विज्ञापनको अनुगमन तथा नियमनः** (१) समितिले प्रदेश सरकारबाट अनुमति प्राप्त गरी सञ्चालन भएका सञ्चारमाध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको कार्यमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न वा मन्त्रालयको कुनै अधिकृत प्रतिनिधिलाई तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यदलको काम कर्तव्य, अधिकार र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोकिदिए बमोजिम हुनेछ।

(४) कसैले विज्ञापन गर्दा ऐन वा ऐनबमोजिम बनेको नियम, मापदण्ड, बोर्डबाट जारी आचारसंहिता पालना गरेको नपाइएमा समितिले कारण उल्लेख गरी त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ। त्यस्तो आदेश पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(५) उपदफा (४) बमोजिमको आदेश पालना नगर्ने वा ऐन, नियम वा मापदण्ड पालना नगरी विज्ञापन गरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई समितिले ऐनको दफा २३ को उपदफा (४) बमोजिम एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

## परिच्छेद- ३
## विविध

७. **सूचीकृत हुनुपर्ने:** प्रदेशबाट अनुमति प्राप्त सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकृत हुनुपर्नेछ।

८. **उजुरी गर्न सक्ने:** (१) ऐन वा ऐनअन्तर्गत बनेको नियमावली, मापदण्ड वा आचारसंहिता विपरीत कसैले विज्ञापन गरेको पाइएमा जुनसुकै व्यक्तिले समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीको आधारमा समितिले आफैं कारबाही गर्ने अधिकार भएकोमा आफैले र आफ्नो अधिकारक्षेत्र नभएकोमा अधिकार क्षेत्र भएको सम्बन्धित निकाय वा विज्ञापन बोर्ड वा स्थानीय तहमा कारवाहीको लागि लेखी पठाउनु पर्नेछ।

(३) उजुरीकर्ताले उपदफा (१) बमोजिम दिएको उजुरीमा नाम, ठेगाना उल्लेख गरी उजुरी दिएको भए उक्त उजुरी उपर भएको कारवाहीको जानकारी उजुरीकर्तालाई दिनुपर्नेछ।

९. **निर्देशन दिन सक्ने:** यस निर्देशिकाको उद्देश्य प्राप्ति गर्नको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

**आज्ञाले,**
**कृष्ण बहादुर शाही**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-